# काठमाडौं विश्वविद्यालय

## धुलिखेल

काठमाडौं विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा शर्त नियम २०५० एवं पदपूर्ति निर्देशिका २०६७ बमोजिम विभिन्न स्कूलमा शिक्षण सेवा तर्फ असिस्टेण्ट प्रोफेसर पदमा खुल्ला प्रतियोगिता द्वारा स्थायी पदपूर्ति गर्नु परेको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

(कार्यकारी परिषद्को मिति ४ माघ २०७५ को निर्णय अनुसार)

**<u>दरखास्त दिदा पेश गर्नु पर्ने योग्यता तथा आवश्यक कागजातहरुः</u>**

१. प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लव्धाङ्क र ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपिहरु संलग्न गर्नुपर्ने ।

२. चारित्रिक र नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने ।

३. काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयवाट प्राप्त गरेको शैक्षिक उपाधि भएमा ( श्रेणी, ग्रेड र वोर्ड खुलेको ) समकक्षता / स्तर निर्धारण भएको प्रमाणित प्रतिलिपि समेत संलग्न गर्नुपर्ने ।

४. अध्यापन अनुभव, पेशागत व्यवस्थापकीय अनुभव, अनुसन्धान अनुभव, परामर्श सेवा, तालिम प्रदान, र औद्योगिक अनुभवमा स्नातकोत्तर उत्तीर्ण भैसकेपछिको अवधिमात्र गणना हुनेछ । स्नातकोत्तर पूर्वको अनुभवलाई मान्यता दिइने छैन ।

५ . अध्यापन अनुभवको (मान्यता प्राप्त विश्वविद्यालय / क्याम्पस /प्रतिष्ठानमा पुरा समय काम गर्ने गरी अध्यापन/अनुसन्धान गरेको) प्रमाणपत्र लेखा वा प्रशासन बाट प्रमाणित गरेकोलाई मात्र मान्यता दिइनेछ । Visiting वा Part time तर्फ अध्यापन वा पेशागत अनुभव लाई मान्यता दिइने

छैन ।

६. काठमाडौं विश्वविद्यालय भित्रका लागि अध्यापन अनुभव HR ले verify गरी सम्वन्धित डीनले हस्ताक्षर गरेकोलाई मात्र मान्यता दिइनेछ ।

७. हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति संग्लग्न गर्नुपर्नेछ ।

८. विषयगत प्रशिक्षण वा तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संग्लग्न गर्न सकिनेछ ।

९.अध्यापन/पेशागत अनुभवको अवधि, पदपूर्ति सूचानको अन्तिम दिनलाई मानिने छ ।

- आवेदन फारम : मिति २३ माघ २०७५ (१० बजे देखि ३ बजे सम्म) देखि रु ५०० तिरी काठमाडौं विश्वविद्यालय, धुलिखेलबाट प्राप्त गर्न सकिने छ ।
- आवेदन बुझाउने अन्तिम मितिः १४ फागुन २०७५ (तदनुसार २६ फेब्रुअरी २०१९) ३ बजे सम्ममा रु १५०० भुक्तानि सहित । आवेदन दस्तुर नेपाल इन्भेष्मेन्ट बैकको काठमाडौं विश्वविद्यालयको खातामा जम्मा गरी सोको सक्कल भौचर प्रतिलिपिहरु संग पेश गर्नु पर्नेछ ।
- Shortlisted उम्मेदवारहरुले Performance Test एवं interview मा सहभागि हुनु पर्नेछ ।
- म्याद नाघी प्राप्त हुन आएका र रित नपुगी दर्ता भएका दरखास्त उपर कार्वाही गरिने छैन ।

| Ad. No | School | Department /Area | Required Number |
|---|---|---|---|
| 03/075/076 | Arts | Painting | 1 |
| | | Journalism | 1 |
| | | Development Studies | 1 |
| 04/075/076 | Education | Development Studies | 2 |
| | | Educational Leadership | 1 |
| 05/075/076 | Engineering | Computer Science | 1 |
| | | Computer Engineering | 1 |
| | | Communication Engineering | 1 |
| | | Power Engineering | 1 |
| | | Mechanical Engineering | 2 |
| | | Geomatics Engineering | 1 |
| | | Civil Engineering | 2 |
| | | Chemistry | 2 |
| | | Chemical Engineering | 1 |
| 06/075/076 | Law | Law | 1 |
| 07/075/076 | Management | Marketing | 2 |
| | | Management Science | 2 |
| | | Management Information | 1 |
| | | English (Business / Technical Communication ) | 2 |
| | | Management (Entrepreneurship) | 1 |
| 08/075/076 | Science | Environment Science | 1 |
| | | Environmental Engineering | 2 |
| | | Physics | 1 |
| | | Mathematics | 4 |
| | | Pharmacy | 3 |
| | | Biotechnology | 1 |

# असिस्टेण्ट प्रोफेसर पदका लागि न्यूनतम योग्यता

## १) स्कूल अफ आर्टस्

सम्बन्धित विषयमा स्नातकोत्तर प्रथम श्रेणी वा सो सरह उत्तीर्ण र न्यूनतम २ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

वा

सम्बन्धित विषयमा द्बितिय श्रेणीमा स्नातकोत्तर र ४ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

वा

सम्बन्धित विषयमा एम. फिल / पि.एच.डी र १ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

## २) स्कूल अफ एजुकेशन

सम्बन्धित विषयमा स्नातकोत्तर प्रथम श्रेणी र न्यूनतम २ वर्ष स्नातकोत्तर तहमा अध्यापन अनुभव

वा

सम्बन्धित विषयमा एम. फिल वा पि.एच.डी र स्नातकोत्तर तहमा १ वर्षको अध्यापन अनुभव

## ३) स्कूल अफ इञ्जिनियरिङ्ग

सम्बन्धित विषयमा स्नातकोत्तर प्रथम श्रेणी वा सो सरह उत्तीर्ण र न्यूनतम २ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

वा

सम्बन्धित विषयमा पि.एच.डी र १ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

## ४) स्कूल अफ ल

कानून विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण + न्यूनतम २ वर्ष स्नातक/स्नातकोत्तर तहमा कानून अध्यापन अनुभव वा नेपाल सरकारको र मातहतका निकायमा कानून अधिकृत वा सो सरह भै २ वर्ष काम गरेको वा कम्तिमा ३ वर्ष कानून व्यवसायीको अनुभव

वा

सम्बन्धित विषयमा द्वितिय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण + न्यूनतम ४ वर्ष स्नातक/स्नातकोत्तर तहमा कानून अध्यापन अनुभव वा नेपाल सरकारको र मातहतका निकायमा कानून अधिकृत वा सो सरह भै ४ वर्ष काम गरेको वा कम्तिमा ५ वर्ष कानून व्यवसायीको अनुभव

वा

सम्बन्धित विषयमा पि.एच.डी + १ वर्ष स्नातक/स्नातकोत्तर तहमा कानून अध्यापन अनुभव वा नेपाल सरकारको र मातहतका निकायमा कानून अधिकृतभई २ वर्ष काम गरेको वा कम्तिमा ३ वर्ष कानून व्यवसायीको अनुभव

## ५) स्कूल अफ म्यानेजमेन्ट

एम.बि.ए वा इ.एम.बी.ए वा सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तथा न्यूनतम २ वर्षको अध्यापन (स्नातक/स्नातकोत्तर तह) / अनुसन्धान /परामर्श सेवा /तालिम /प्रतिष्ठित संस्थामा पेशागत व्यवस्थापकीय अनुभव

वा

सम्बन्धित विषयमा एम.फिल. वा पि.एच.डी तथा न्यूनतम १ वर्षको अध्यापन (स्नातक/स्नातकोत्तर तहमा) / अनुसन्धान /परामर्श सेवा /तालिम /प्रतिष्ठित सस्थामा पेशागत व्यवस्थापकीय अनुभव

## ६) स्कूल अफ साइन्स

सम्बन्धित विषयमा स्नातकोत्तर प्रथम श्रेणी वा सो सरह र न्यूनतम २ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

वा

सम्बन्धित विषयमा पि.एच.डी र १ वर्ष स्नातक/स्नातकोत्तर तहमा अध्यापन अनुभव

रजिष्ट्रार
काठमाडौं विश्वविद्यालय
धुलिखेल